**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
मितिः २२ दिसम्बर २०२५
समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- राज्यमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण को दोस्रो चरण सुरु हुनुअघि मुख्यमन्त्री ममता बनर्जीले सम्पूर्ण प्रक्रियामा सतर्कता, पारदर्शिता अनि जमीनी स्तरमा सक्रियता अत्यन्त आवश्यक रहेको बताउनुभएको छ।

- मतदाता सूचीको विशेष गहन पुनरीक्षण अन्तर्गत दाबी अनि आपत्तिको सुनुवाइका लागि निर्वाचन आयोगले निजी विद्यालय अथवा कलेजद्वारा जारी शैक्षिक प्रमाणपत्रहरू पहिचान तथा उमेर प्रमाणको रूपमा मान्य नहुने बताएको छ।

- पश्चिम बंगाल मा मुर्शिदाबादको भरतपुरबाट निलंबित तृणमूल कांग्रेस विधायक हुमायूं कबीर ले नयाँ राजनैतिक पार्टी को गठन गरेका छन्।

- हिल प्लान्टेसन इम्प्लोइज युनियन लङभ्यू युनिटले नियमित वेतन र ज्यालाको माग गर्दै आन्दोलन गरिरहेको छ।

- मौसम विभाग भोलि उत्तर बंगाल र दार्जीलिङमा दिनको समय हल्का देखि मध्यम कुइरो लाग्नको सक्ने सम्भावना व्यक्त गरेको छ।

**ममता-एसआईआर**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) को दोस्रो चरण सुरु हुनुअघि मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले पार्टीका बूथस्तरीय सहायकहरुलाई स्पष्ट निर्देशन दिनुभएको छ। आज कोलकाताको नेताजी इन्डोर स्टेडियममा आयोजित सम्मेलनलाई सम्बोधन गर्नुहुँदै मुख्यमंत्रीले सम्पूर्ण प्रक्रियामा सतर्कता, पारदर्शिता अनि जमीनी स्तरमा सक्रियता अत्यन्त आवश्यक रहेको बताउनुभयो। कुनै पनि योग्य मतदाताको नाम मतदाता सूचीबाट बाहिर नहोस् भनी सुश्री ब्यानर्जीले बताउनुभयो। उहाँले मृत, स्थानान्तरण भएका तथा अनुपस्थित मतदाताहरूको सूची आधिकारिक वेबसाइटसाथै जिल्ला, महकुमा, खंड एवं नगरपालिकाका कार्यालयहरूमा प्रकाशित गरिने बताउनुभयो। यस सूचीको आधारमा बूथस्तरीय सहायकले घर–घरमा गएर सत्यापन गर्नुपर्ने मुख्यमंत्रीले बताउनुभयो। उहाँले आवश्यक दस्तावेज नभएका मतदाताहरूका लागि स्थायी आवास प्रमाणपत्र अथवा अनुसूचित जाति, अनुसूचित जनजाति तथा अन्य पछाड़िएका वर्ग प्रमाणपत्रका लागि तुरुन्तै आवेदन गराउन सुझाव दिनुभयो। उहाँले भन्नुभयो यस प्रक्रियालाई सहज बनाउन खंड विकास अधिकारी कार्यालयहरूमा सरकारी शिविरहरू आयोजना गरिनेछ। मुख्यमन्त्रीले बूथ स्तर अधिकारीको मोबाइल एपमा ‘तार्किक विसंगति’ भनेर चिन्ह लगाइएका मामलामा विशेष निगरानी राख्न र मतदाताहरू आवश्यक सबै दस्तावेजसहित सुनुवाइमा उपस्थित हुने सुनिश्चित गर्ने निर्देश दिनुभयो। ममता बनर्जीले सुनुवाइको क्रममा मतदाताहरूलाई कुनै असुविधा नहुन पर्ने स्पष्ट निर्देश पनि दिनुभएको छ। यसको साथै प्रवासी श्रमिकहरूलाई पनि आफ्नो भविष्यको हितका लागि कम्तीमा एकपटक उपस्थित हुन आग्रह मुख्यमंत्रीले गर्नुभएको छ।

**निर्वाचन आयोग-एसआईआर**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) अन्तर्गत दाबी अनि आपत्तिको सुनुवाइका लागि केन्द्रीय निर्वाचन आयोगले महत्वपूर्ण निर्देशन जारी गरेको छ। आयोग अनुसार, निजी विद्यालय अथवा कलेजद्वारा जारी शैक्षिक प्रमाणपत्रहरू पहिचान तथा उमेर प्रमाणको रूपमा मान्य हुने छैनन्। आयोग अनुसार केवल पंजीकरण प्राप्त शिक्षा बोर्ड, परिषद अथवा विश्वविद्यालयबाट जारी प्रमाणपत्रहरू मात्र स्वीकार गरिनेछ। यो व्यवस्था यसै सप्ताह शुरु हुन गइरहेको सुनुवाइ प्रक्रियामा लागू हुनेछ।

उल्लेखनीय छ राज्यमा विशेष गहन पुनरीक्षण (एसआईआर) को प्रक्रिया गत 4 नवंबरमा शुरू भएको थियो। मसौदा मतदाता सूची गत 16 दिसंबरमा प्रकाशित गरिएको थियो। यो तीन चरणको प्रक्रिया आगामी वर्ष 14 फरवरीमा अंतिम मतदाता सूचीको प्रकाशन साथै पूरा हुनेछ। यसपछि निर्वाचन आयोगले राज्यमा आगामी वर्ष हुन गइरहेको विधानसभा चुनावको तारीखहरुको घोषणा गर्नेछ।

**तृणमूल-बैठक**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षणको प्रक्रिया बीच तृणमूल कांग्रेसले वर्षको अंतमा एउटा ठुलो राजनैतिक सभा गर्नेछ। तृणमूल सुप्रीमो अनि मुख्यमंत्री ममता बनर्जीले आगामी 30 दिसंबर को दिन बांकुड़ा जिलाको बड़जोड़ा कॉलेज मैदानमा जनसभा गर्नुहुनेछ।

**नई - पार्टी**

पश्चिम बंगाल मा मुर्शिदाबादको भरतपुरबाट निलंबित तृणमूल कांग्रेस विधायक हुमायूं कबीर ले जनता उन्नयन पार्टी को नाम ले एउटा नयाँ राजनैतिक पार्टी को गठन गरेको छ। मुख्यमंत्री ममता बनर्जी को नजिकको मानिने कबीरलाई मुर्शिदाबाद जिल्लाको बेलडांगा मा बाबरी मस्जिद को निर्माण को सार्वजनिक घोषणा पछि तृणमूल कांग्रेसबाट निलंबित गरिएको थियो। आफ्नो नयाँ पार्टीको गठनको घोषणा गर्नुहुँदै कबीरले उहाँको मुख्य लक्ष्य राज्य मा तृणमूल कांग्रेस अनि भाजपा दुवै लाई चुनौती दिन तथा पराजित गर्न हो। यस घटनाक्रम बारे प्रतिक्रिया दिँदै भाजपा का प्रदेश अध्यक्ष अनि राज्यसभा सांसद सामिक भट्टाचार्यले यस नयाँ पार्टी लाई "तृणमूल कांग्रेसको एक अन्य शाखा रहेको बताएका छन्।

**संथाली भाषा दिवस**

संथाली भाषा दिवसको अवसरमा राज्यको मुख्यमंत्री ममता बनर्जीले आज संथाली भाई-बहिनीलाई शुभकामना एवं बधाई दिनुभएको छ। सोशल मीडियामा एउटा पोस्ट गर्नुहुँदै मुख्यमंत्रीले संथाली भाषाको लागि लामो समयदेखि संघर्षरत भाषा-प्रेमी आंदोलनकारीहरु प्रति पनि सम्मान व्यक्त गर्नुभयो। सुश्री ब्यानर्जीले आफ्नो  सरकार को कार्यकालमा संथाली भाषालाई सरकारी भाषाको दर्जा प्राप्त भएको गर्वको कुरो रहेको बताउनुभयो। यस बाहेक ममता बनर्जीले संथालीसाथै कुरुख, कुड़माली, नेपाली, हिंदी, उर्दू, राजबंशी, कामतापुरी, ओड़िया, पंजाबी अनि तेलुगु भाषाहरुलाई पनि राज्य मा सरकारी मान्यता दिइएको बताउनुभयो।

**रामानुजन-जयन्ती**

महान गणितज्ञ श्रीनिवास रामानुजनको जयंतीको अवसरमा आज राज्यको मुख्यमंत्री ममता बनर्जीले उहाँलाई श्रद्धांजलि अर्पण गर्नुभएको छ। सोश्यल मीडियामा एउटा पोस्ट गर्नुहुँदै मुख्यमंत्रीले रामानुजनलाई विलक्षण प्रतिभा बताउनुहुँदै गणितको सीमाहरुलाई नयाँ तरीकाले परिभाषित गरेको बताउनुभयो। उहाँले भन्नुभयो श्रीनिवास रामानुजनको योगदान आज पनि विश्व भरी गणितज्ञ एवं शोधकर्ताहरुलाई प्रेरित गरिरहेको बताउनुभयो। मुख्यमंत्रीले श्रीनिवास रामानुजनको अद्वितीय कार्य अनि विरासतलाई नमन गर्नुभएको छ।

**शेख-हसिना**

बंग्लादेशका पूर्व प्रधान मंत्री शेख हसिनाले सिलगड़ी कॉरिडोरको संदर्भमा केही बांग्लादेशी नेताहरुको बयान खतरनाक अनि बिना जिम्मेदारीको रहेको बताउनुभएको छ। कुनै पनि नेताले व्यापार अनि क्षेत्रीय स्थिरताको लागि निर्भर आफ्नो छिमेकी देशलाई धम्काउन सक्दैन भनी शेख हसिनाले बताउनुभयो। उहाँले आगामी वर्ष फरवरी मा बांग्लादेशमा हुन गइरहेको चुनावमा आफ्नो पार्टी- अवामी लीगको भागेदारी बिना वैध नरहेको बताउनुभयो। यी चुनावहरुमा अवामी लीगलाई प्रतिबंधित गरिएको छ। श्रीमती हसीनाले, मुहम्मद यूनूसले बिना जनमत प्राप्त गरी देशमा सत्तामाथि कब्जा गरेको आरोप लगाउनुहुँदै अब ९ पटक पूर्ण बहुमत प्राप्त गरी सरकार बनाएका पार्टी अवामी लीगलाई प्रतिबन्धित गरिरहेको छ भनी बताउनुभयो।

**सिलगढ़ी प्रर्दशन**

बांग्लादेशमा हिंदू अल्पसंख्यकहरु माथि कथित अत्याचार अनि हिंदू युवक दीपू दासको हत्या विरुद्ध आज सिलीगुड़ीमा विरोध प्रदर्शन गरिएको छ। स्थानीय संगठन हिंदू जागरण मंचको आह्वानमा आज मानिसहरु बाघाजतिन पार्क मा एकत्र भएर एउटा विशाल रैली निकाले। रैली शहरका प्रमुख मार्गहरु हुँदै बांग्लादेश वीज़ा ऑफिस अघि पुगेर विरोध प्रदर्शन गरे। रैलीमा शामेल मानिसहरुले बांग्लादेशमा हिन्दुहरु माथि अन्याय बंद गर्ने अनि दीपू दास को हत्या को न्यायिक जांच गरिने मांग गरे। हिंदू जागरण मंचले उनीहरुको मांगहरु पुरा नभए भविष्यमा अझ ठुलो आंदोलन गर्ने चेतावनी पनि दिएका छन्। विरोधको अवधि पुलिसलाई सख़्तीसित सुरक्षा व्यवस्थाको लागि तैनात गरिएको थियो। उल्लेखनीय छ बांग्लादेशको म्यमेनसिंह को भालुका क्षेत्रमा एक २७ वर्षीय हिन्दू युवक दीपू दासलाई भीड़ द्वारा कुटपीट गरी हत्या गरिएको थियो। यस घटनालाई लिएर भारतमा कड़ा विरोध प्रदर्शनहरु गरिन्दैछ।

**राजूविष्ट**

दार्जीलिङका सांसद राजु बिस्टाले आज सिलिगुडीको मिलन मोर फुटबल मैदानमा आयोजना भइरहेको ‘दार्जीलिङ सांसद खेल महोत्सव–२०२५’ अन्तर्गतको फुटबल प्रतियोगितामा सहभागी खेलाडीहरूसँग भेटघाट र अन्तरक्रिया गरेका छन्। सांसद बिस्टाले दार्जीलिङ लोकसभा क्षेत्रलाई भारतकै सबैभन्दा विविध क्षेत्रमध्ये एक भन्दै यहाँ पहाड, तराई र डुवर्स क्षेत्र रहेको र विभिन्न जाति, भाषा तथा धर्मका समुदाय बसोबास गरे पनि खेलकुद र मातृभूमिप्रतिको प्रेमले सबैलाई एकताबद्ध बनाएको बताए। उहाँले, फुटबल यस क्षेत्रको अत्यन्त लोकप्रिय खेल रहेको अनि प्रतियोगितामा सम्पूर्ण लोकसभा क्षेत्रका प्रतिभाशाली युवाहरूले सहभागिता जनाएको बताउनुभयो। प्रतियोगितालाई थप रोमाञ्चक बनाउन सम्पूर्ण क्षेत्रबाट खेलाडी छनोट गरी एमपी इलेभेन, एमएलए इलेभेन जस्ता टोली बनाएर खेलाइएको उनले जानकारी दिए। आज सम्पन्न रोमाञ्चक खेलमा एमपी इलेभेन टोलीले माटीगारा–नक्सलबारीको एमएलए इलेभेन टोलीलाई ३–० गोलअन्तरले पराजित गरेको उनले बताए। सांसद बिस्टाले ‘दार्जीलिङ सांसद खेल महोत्सव–२०२५’ प्रधानमन्त्री नरेन्द्र मोदीको परिकल्पनाअनुसार युवाहरूलाई प्रतिभा र खेलभावना प्रदर्शन गर्ने समग्र मञ्च बनेको उल्लेख गरे। फुटबल प्रतियोगिताको महान फाइनल खेल आगामी २५ डिसेम्बर बिहान ९ बजेर ३० मिनटदेखि सिलिगुडीको मिलन मोर फुटबल मैदानमा हुने जानकारी दिँदै, प्रधानमन्त्री नरेन्द्र मोदीले भर्चुअल माध्यमबाट कार्यक्रममा सहभागिता जनाउने पनि सांसदले बताउनुभएको छ। अन्त्यमा सांसद बिस्टाले सबै खेलाडी, प्रशिक्षक टोली, मार्गदर्शक, आयोजक तथा स्वयंसेवकहरूलाई धन्यवाद दिँदै प्रतियोगिता सफल बनाउन योगदान गरेकोमा आभार व्यक्त गरेका छन्।

**गोले**

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ (गोले) ले आज दार्जिलिङको भ्रमण गर्नुभयो। यस अवधि उहाँले अन्य विशिष्ट व्यक्तिहरूसाथै बिशप हाउस परिसरमा बिशप स्टीफन लेप्चाको ७३ औं जन्मदिन समारोहमा भाग लिए। मुख्यमन्त्री प्रेम सिंह तामाङले जनसमुदायलाई सम्बोधन गर्दै -"यदि कसैले येशूका वचनहरू (अरूको सेवा) सुन्यो र उहाँले देखाएको मार्ग अनुसरण गऱ्यो भने सबैले सजिलै आफूले चाहेको सफलता प्राप्त गर्न सक्ने बताउनुभयो।

**चियाबगान**

दार्जीलिङको लङभ्यू चिया बगानका श्रमिकहरूले लगातार तीन महिनाको ज्याला र छ महिनाको वेतन पाएका छैनन्। हिल प्लान्टेसन इम्प्लोइज युनियन लङभ्यू युनिटले नियमित वेतन र ज्यालाको माग गर्दै आन्दोलन गरिरहेको छ। बगान मालिक गोविन्द गर्ग ले प्रबन्धक एपी सिंह मार्फत श्रमिकहरूलाई वेतन विहीन काममा खटाइराखेको जनाइएको छ। बारम्बार बैठक र श्रम विभागका आदेशका बाबजुद पनि बगान मालिकले श्रमिकहरूको माग पूरा नगरिएको पनि बताइएको छ। यी मध्ये धेरै श्रमिक इसाई धर्ममा विश्वास राख्नेभएको ले क्रिसमसको पर्व नजिकिँदै गर्दा उनीहरू आर्थिक तनावमा रहेको बताइएको छ।

**स्थापना दिवस**

इण्डियन गोर्खा जनशक्ति फ्रण्टले आज पार्टीको स्थापना दिवस पालन गरेको छ। गत वर्ष २२ दिसम्बरको दिन इण्डियन गोर्खा जन शक्ति फ्रण्टको गठन भएको थियो। यस अवधि केन्द्रीय कार्यकारिणी सदस्य एन बि खवासले आज दीप प्रजज्वलन र झण्डा उत्तोलन गरेर पार्टीको स्थापना दिवस पालन गरेको बताए भने भोली दार्जीलिंगको गोर्खा दु:ख निवारक सम्मेलन (जीडीएनएस) भवनमा यसलाई सामान्य रूपमा पालन गरिने भएको जानकारी पनि दिनुभएको छ।

**एनजेपी- जाली नोट**

एनजेपी जीआरपीको विशेष अभियान समूह (एसओजी) को एक दलले ठुलो सफलता प्राप्त गर्दै ट्रेनको माध्यमबाट भइरहेको जाली नोटको तस्करी रोकेर एक वयक्तिलाई गिरफ्तार गरेको छ। गिरफ्तार व्यक्तिबाट कुल 2 लाख 74 हजार 500 को जाली नोट जफ्त गरिएको छ। गिरफ्तार व्यक्ति बिहार को पूर्णिया जिलाको निवासी रहेको बताइएको छ। जीआरपी सूत्र अनुसार, आरोपित व्यक्ति आसमको कामाख्या स्टेशनबाट ट्रेनमा चढ़ेको थियो। जीआरपी पूरेस मामलेस को गहन जांच गरिरहेको छ।

**रोड-निर्माण**

जीटीएका मुख्य कार्यपाल अनित थापाको सहयोग अनि सभासद श्याम शेर्पा र गाउँलेहरुको पहलमा खरसाङको कटलेरी रोडको पूलको निर्माण कार्य शुरु गरिएको छ। वार्ड नम्बर ३ अन्तर्गत कटलेरी रोड सन्त अल्फनसेस प्राईमेरी स्कूल छेउको पूल क्षति भएकोले गाडीहरुको यतायत बन्द भएको थियो। यो बाटो भएर सन्त जोसेफ प्राईमेरी स्कुल, वार्ड नम्बर २, ३ र ४ का वासिन्दाहरु साथै डाउहिल रोड र राष्ट्रिय राजमार्ग जोड्ने यो एउटा महत्त्वपूर्ण रोड रहेकोले यस रोडको पूल क्षति हुँदा धैरैलाई असुविधा भएको बताइएको छ। आज २८ नम्बर समष्टिका सभासद श्याम शेर्पाद्वारा सिँचाई विभागका अभियान्ताहरु अनि अन्य कर्मचारीहरु लिएर कार्य निरीक्षण गरिएको छ। सबैले कार्य शुरु भएकोमा हर्ष प्रकट गर्दै जीटीए चिफ अनि क्षेत्रीय सभासदलाई धन्यवाद दिएका छन्।

**गोरामुमो**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले आफ्नो साङ्गठनिक बिस्तारलाई तिब्रता दिदै आफ्नो समष्टिहरुमा समष्टि प्रतिनिधिबर्ग चयन गर्ने कार्यलाई जारी राखेको छ । यसैक्रममा गोरामुमो तकलिङ्ग पेशोक समष्टिमा हिज सांङ्ठनिक सभामा सम्पन्न भयो । सभामा व्यापक छलफल पछि तकलिङ्ग पेशोक समष्टिको अध्यक्ष पदमा छिरिङ तामाङ , उपाध्यक्षमा बिर्खबहादुर तामाङ अनि गोपाल विश्वकर्मलाई सर्वसम्मतिले चयन गरिएका छन् ।

**समाज घर**

दार्जिलिङ पुलबजार खण्डको रेलिङ ग्राम पञ्चायत अधिनस्त लोवर रेलिङ संसद नम्बर ४ - मा १५औँ वित्तीय आयोग मार्फत अनि क्षेत्रीय सभासद सतिश पोखरेलको सहयोगमा लोवर रेलिङ कोलोनी रोडस्थित " सिर्जना समाज सेवा समितिको" समाज घरको निर्माण हुने भएको छ। क्षेत्रीय सभासद सतिश पोखरेलको प्रमुख अतिथित्वमा बसेको सभामा रेलिङ ग्राम पञ्चायतका उपप्रधान एनडी राई, मञ्जित सुब्बा , समाजका सभापति प्रमोद तामाङ अनि सचिव अरूण थापा लगायतका समाजका सदस्यगणको विशेष उपस्थिति रहेको थियो । यो समाज घर १५औँ वित्तीय आयोग अनटाइट फण्ड मार्फत २ लाख ४८ हजार १५५ रूपियाँ बराबर लगातमा निर्माण हुनेछ । तथापि, उक्त समाज घर निर्माण हुदाँ थप बढी खर्च आउने भएकोले गर्दा क्षेत्रीय सभासद सतिश पोखरेलले आर्थिक सहयोग पुऱ्याउने वचन पनि दिएका छन।

**मौसम**

मौसम विभाग ले भोलि उत्तर बंगाल र दार्जीलिङमा मुख्यतः मौसम सुखा रहने बताएको छ। दिनको समय हल्का देखि मध्यम कुइरो लाग्नको कारण दृश्यता कम्ती हुने सम्भावना पनि विभागले व्यक्त गरेको छ।

****** ० ******